CDO-KTM Reg. 355, SWC Reg. 26156

# GoGo Foundation
## असल शासन फाउण्डेशन (Good Governance Foundation)

Promoting good governance, social accountability, quality public service delivery & right to information by creating accountable, transparent & participatory governance process

Our Ref:

मिति: १८ असोज २०७०

सम्माननीय खिलराज रेग्मीज्यू, अध्यक्ष, प्रधानमन्त्री तथा मन्त्रिपरिषको कार्यालय
श्री लिलामणी पौडेलज्यू, मुख्यसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय
श्री जनार्दन नेपालज्यू, सचिव, गृहमन्त्रालय
श्री सुरेसमान श्रेष्ठज्यू, श्रम तथा रोजगार मन्त्रालय
श्री दुर्गानिधि शर्माज्यू, सचिव, सामान्य प्रशासन मन्त्रालय
श्री माधवप्रसाद रेग्मीज्यू, प्रमुख, राष्ट्रिय सतर्कता केन्द्र

*विषय: कर्मचारी यूनियनहरू खारेज गर्ने सम्बन्धमा।*

महोदय,

२०४६ को प्रजातन्त्र बहालीसँगै उदाएका कर्मचारी संघसंगठनहरू अहिले राज्यका लागि आतंक सिर्जना गर्ने निकायका रूपमा स्थापित हुँदै गएकाछन् । तत्कालिन आन्दोलनमा परिचयपत्र फालेर योगदान गरेको दुहाई दिने यस्ता संस्थाका कृयाकलापहरू बोझिला र राज्यको लागि काउसो बन्दै गएका उदाहरण प्रसस्त पाइन्छन् । नागरिकले तिरेको करमा सुविधाभोग गर्ने यस्ता कर्मचारी संगठनका पदाधिकारीहरू कर्मचारीका आधारभूत हकअधिकार भन्दा पनि राज्यलाई कमजोर बनाएर ब्रम्हलुट मच्चाउन उद्दत हुँदै गएकाछन् भन्दा अत्यूक्ति नहोला ।

दलैपिच्छे खुलेका यस्ता संघसंगठनहरू राज्य कमजोर भएको अवस्थाको फाइदा उठाउँदै विगतमा सिंहदरवार परिसरमै नारा, जुलुस तथा घेराउमा उत्रेर यिनिहरूले अनुशासनहीताको पराकाष्ठा प्रदर्शन गरिसकेकाछन् । यस्ता संगठनमा लागेका व्यक्तिहरू कर्मचारी हित भन्दा पनि कमाउको कार्यालयमा सरूवा गराउन, अयोग्य भए तापनि लामो अवधिकाम गरेको नाउँमा बढुवा दिलाउन, अनावश्यक दवाब दिएर सुविधा बढाउनलगायत भ्रष्टाचार तथा अनियमितता गर्न गराउन "लाइन मिलाउने" काममा उद्दत हुँदै गएको अनुभूति सवैतिरबाट गरिएको छ।

यसरी सरकारी तथा संस्थानका कर्मचारी युनियनहरूलाई वेलगाम छोडियो भने कसरी ***"डाएनोसर बनेर"*** ति संस्थाको दोहन गर्दारहेछन् भन्ने पछिल्लो उदाहरण नेपाल आयल निगमका कर्मचारीले राम्रैसँग देखाएकाछन् । २५ अर्व रूपैयाँ सञ्चिति घाटामा रहेको आयल निगमका कर्मचारीले सुटुक्क ***"बोनस"*** खाएर कानुनी राज्यलाई चुनौती दिएकाछन् । अख्तियारले बोनस खान रोक लगाए पनि सञ्चालक समिति र निमित्त कार्यकारी निर्देशकलगायत त्यहाँका वरिष्ठ कर्मचारीहरूलाई दबावमा पारेर खुलेआम बोनस खाएर कानुनी राज्यको खिल्लि उडाएकाछन् ।

निगमका उद्दण्ड कर्मचारी संगठनकै कारण कार्यकारी निर्देशकलगायत अन्य ३ जना वरिष्ठ कर्मचारी अख्तियारको धुनामा परेको घटनालाई सामान्य रूपमा हेरिनु हुँदैन । त्यसैले "उद्दण्ड", "अनुशासनहीन" र "डाएनोसर" बन्दै गएका संस्थानलगायत निजामति प्रशासनको क्षेत्रमा खुलेका अधिकांश कर्मचारी संघसंगठन "तत्काल बन्द" गरेर एउटामात्रै आधिकारिक कर्मचारी संगठन बनाउन ढिलो गर्नुहुँदैन । यदि समयमै राज्यको तर्फबाट यस्ता संस्था बन्द गर्ने पहल भएनभने आगामी दिनमा यिनिहरूले राज्यलाई थप कमजोर बनाउन र प्रशासनमा अराजकता निम्त्याउने निश्चित छ ।

आउनुहोस् मुलुकमा असल शासन प्रवर्द्धनका लागि संगै मिलेर काम गरौं ।

*बोधार्थ:*
सम्माननीय दामोदरप्रसाद शर्माज्यू, प्रधान न्यायाधीस, सर्वोच्च अदालत
श्री लोकमानसिंह कार्कीज्यू, प्रमुख आयुक्त, अख्तियार दुरूपयोग अनुसन्धान आयोग
श्री द्रोणराज रेग्मीज्यू, महान्यायाधिवक्ताको कार्यालय
श्री शिव गाउँलेज्यू, सभापति, नेपाल पत्रकार महासंघ

.......................
केदार खडका
अध्यक्ष, गोगो फाउण्डेसन

PO Box: 11229 Gautambuddha Marg, Anamnagar, Kathmandu, Nepal Tel/Fax: +977 1 4227703 Email: info@gogofoundation.org www.gogofoundation.org